**आकाशवाणी समाचार- नेपाली**

मितिः २ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधान मन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको अयोध्यामा श्री राम जन्मभूमि मन्दिरको भ्रमण गर्नुहुनेछ। उहाँ श्री राम जन्मभूमि मन्दिरमा ध्वजारोहण समारोहमा सहभागी हुनुहुनेछ।

- राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमंत्री, गृहमंत्री, रक्षामंत्री अनि सूचना तथा प्रसारण मंत्री अश्विनीले वरिष्ठ फिल्म अभिनेता धर्मेंद्रको निधनमा शोक व्यक्त गर्नु भएको छ।

- निर्वाचन आयोगले दोस्रो चरणको विशेष गहन पुनरीक्षण (एसआर) सुरु भएदेखि 99 प्रतिशतभन्दा बढी मतदाताहरूलाई मतगणना प्रपत्रहरू वितरण गरिएको बताएको छ। हालसम्म 50 करोड 50 लाखभन्दा बढी गणना प्रपत्र वितरण भइसकेको छ।

- छत्तीसगढ़मा, प्रतिबंधित भारतीय कम्युनिस्ट पार्टी – माओवादीका 15 सदस्यहरुले हिज समर्पण गरेका छन्। यी माओवादी सदस्यहरु माथि लगभग पचास लाख रुपियाँको पुरष्कार थियो।

- भारतीय महिला कबड्डी टीमले ढाकामा चीनी ताइपेलाई 35-28 ले पराजित गरेर लगातार दोस्रो पटक महिला कबड्डी विश्वकपको खिताब जीतेका छन्।

**प्रधानमंत्री अयोध्या**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको अयोध्यामा श्री राम जन्मभूमि मन्दिरको भ्रमण गर्नुहुनेछ। उहाँ श्री राम जन्मभूमि मन्दिरमा ध्वजारोहण समारोहमा सहभागी हुनुहुनेछ। प्रधानमन्त्री मोदीले सप्त मन्दिरको भ्रमण गर्ने कार्यक्रम रहेको छ। यी मंदिर, महर्षि वशिष्ठ, महर्षि विश्वामित्र, महर्षि अगस्त्य, महर्षि वाल्मिकी, देवी अहिल्या, निषादराज गुहा अनि माता शबरी सित संबंधित छन्। यसद पछि प्रधानमंत्री श्री मोदीको शेषावतार मंदिर जाने कार्यक्रम रहेको छ। प्रधानमन्त्रीले माता अन्नपूर्ण मन्दिरको पनि दर्शन गर्नुहुनेछ अनि राम दरबारको गर्भगृहमा दर्शन र पूजा गर्नुहुनेछ। प्रधानमन्त्री मोदीले दिउँसो 12 बजे श्रीराम जन्मभूमि मन्दिरको शिखरमा भगवा ध्वज फहराउनु हुनेछ। यो समारोह मन्दिर निर्माण कार्य पूर्ण भएको अनि राष्ट्रिय एकता तथा पारंपरिक विरासतको उत्सवको प्रतिक हुनेछ।

**राष्ट्रपति-रात्रिभोज**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले हिज राष्ट्रपति भवन सांस्कृतिक केन्द्रमा नवनियुक्त मुख्य न्यायाधीश न्यायमूर्ति सूर्य कान्तको सम्मानमा रात्रि भोजको आयोजना गर्नुभयो। उपराष्ट्रपति सी.पी. राधाकृष्णन, रक्षामन्त्री राजनाथ सिंह, केन्द्रीय गृहमन्त्री अमित शाह, पूर्व मुख्य न्यायाधीश भूषण रामकृष्ण गवई, सर्वोच्च न्यायालय तथा उच्च न्यायालहरुका मुख्य न्यायाधीशहरू लगायत अन्य गणमान्य व्यक्तिहरु रात्री भोजमा सहभागी थिए।

**धर्मेंद्र - शोक व्यक्त**

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमंत्री नरेंद्र मोदी, गृहमंत्री अमित शाह, रक्षामंत्री राजनाथ सिंह अनि सूचना तथा प्रसारण मंत्री अश्विनी वैष्णवले वरिष्ठ फिल्म अभिनेता धर्मेंद्रको निधनमा शोक व्यक्त गर्नु भएको छ। राष्ट्रपतिले भन्नु भएको छ 'प्रख्यात फिल्म अभिनेता तथा पूर्व सांसद धर्मेन्द्रको निधन भारतीय सिनेमाका लागि अपूरणीय क्षति हो। प्रधान

मन्त्रीले भन्नु भएकोछ कि धर्मेन्द्र एक फिल्मी व्यक्तित्व र एक असाधारण अभिनेता थिए जसले हरेक भूमिकामा गहिराइ ल्याएक थिए।
पंजाबको फगवाड़ा शहरमा मशहूर अभिनेता धर्मेंद्र देओलको निधनमा शोकको लहर छाएको छ ।

Byte

**निर्वाचन आयोग - एस आई आर**

निर्वाचन आयोगले दोस्रो चरणको विशेष गहन पुनरीक्षण (एसआर) सुरु भएदेखि 99 प्रतिशतभन्दा बढी मतदाताहरूलाई मतगणना प्रपत्रहरू वितरण गरिएको बताएको छ। हालसम्म 50 करोड 50 लाखभन्दा बढी गणना प्रपत्र वितरण भइसकेको छ । एसआईआरको दोस्रो चरण 4 नोभेम्बर देखि नौ राज्य र तीन केन्द्र शासित प्रदेशहरूमा सुरु भयो। ती हुन् छत्तीसगढ, गोवा, गुजरात, केरला, मध्य प्रदेश, राजस्थान, तमिलनाडु, उत्तर प्रदेश, पश्चिम बंगाल, पुडुचेरी, लक्षद्वीप, अन्डमान र निकोबार द्वीप समूह। मतदाता नामावलीको व्यापक परिमार्जन अर्को वर्ष 7 फेब्रुअरीमा अन्तिम मतदाता नामावली प्रकाशन सित समाप्त हुनेछ।

**रेल मंत्री**

रेल मन्त्री अश्विनी वैष्णवले हिज उत्तर प्रदेशको बागपतको बरौतबाट दिल्ली र शामली बीचको दुई मेमु रेल सेवालाई हरियो झण्डा देखाउनु भयो । यी मेमु ट्रेनहरूले विद्यार्थीहरू र पेशेवरहरूको लागि राम्रो यात्रा विकल्पहरू प्रदान गर्दछ, कनेक्टिभिटी सुधार गर्दछ, र यस क्षेत्रको अर्थव्यवस्थालाई बढावा दिनेछ।

**श्रम संहिता पत्र - पीएम**

उद्योग तथा संस्थानहरूको संघले प्रधान मन्त्री नरेन्द्र मोदीलाई पत्र लेख्दै चार श्रम संहिताहरूको सराहना गरेको छ। संघका राष्ट्रिय अध्यक्ष एसके शर्माले यो निर्णय ऐतिहासिक निर्णय भएको बताउनु भएको छ। उहाँले, यसले आधुनिक, पारदर्शी र समतामूलक श्रम ढाँचा निर्माण गर्न सरकारको दूरदर्शी प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने बताउनु भएकोछ।

**छत्तीसगढ़ - माओवादी समर्पण**

छत्तीसगढ़मा, प्रतिबंधित भारतीय कम्युनिस्ट पार्टी – माओवादीका 15 सदस्यहरुले हिज समर्पण गरेका छन्। यी माओवादी सदस्यहरु माथि लगभग पचास लाख रुपियाँको पुरष्कार थियो। समर्पण गर्ने हरुमा दस पुरुष अनि पांच महिला रहेका छन् । यस समूहले सुकमा जिल्ला पुलिस मुख्यालयमा पुलिस अधीक्षक, किरण चव्हाण समक्ष समर्पण गरेका थिए। यसमा पिपुल्स लिबरेसन गुरिल्ला आर्मीका चार सदस्यहरू पनि समावेश छन्।
मीडिया सितको कुराकानीमा पुलिस अधीक्षक किरण चव्हाणले भन्नु भयो' यो कुख्यात माओवादी माडवी हिड्माको हत्यापछि बढ्दो त्रासको परिणाम हो । उहाँले समर्पण गर्ने प्रत्येक सदस्यलाई पचास हजार रुपयेको तत्काल प्रोत्साहन राशि प्रदान गरिने घोषणा गर्नुभयो अनि अन्य माओवादिहरुलाई पनि हिंसा छोड़ने अपील गर्नु भयो।

**पश्चिम बंगाल-एसआईआर सीईओ**

पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारी कार्यालयले विशेष गहन पुनरीक्षण एसआईआर अन्तर्गत डाटा अपलोड गर्न सर्भरको समस्यालाई समाधान गर्न नयाँ एप सुरु गरेको छ। जिल्ला निर्वाचन अधिकृतले सर्भर कहाँ बिग्रियो भन्ने पत्ता लगाउन सक्नेछन् । यो ऐप मार्फत आठ टेलिकम कम्पनीका सीईओहरु जोडिने छन् | पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालले सर्भरको गति ढिलो भएका कारण एसआईआर कार्यान्वयनमा ढिलाइ गर्न नसकिने बताउनु भयो ।

**डीजीसीए- विमानन परामर्श**

नागरिक उड्डयन महानिर्देशनालय (डीजीसीए) ले मस्कट उडान सूचना क्षेत्र र वरपरका क्षेत्रहरूलाई असर गर्ने ज्वालामुखीको खरानीको गतिविधिको बारेमा सबै भारतीय वाहकहरूलाई सुरक्षा परामर्श जारी गरेको छ। डी जी सी ए का अनुसार भारतीय विमानपत्तन प्राधिकरण र फ्रान्सको टुलूजमा रहेको ज्वालामुखी सल्लाहकार केन्द्रले - **ए एस एच टी ए एम** अष्टम,

ज्वालामुखी एडभाइजरी जारी गरेको छ। अष्टम, विमानन कंपनिहरुलाई जारी  गरिने विशेष सन्देश हो। यसमा एयरलाइन्सलाई ज्वालामुखी विस्फोट वा ज्वालामुखीबाट निस्कने धुवाँ र खरानीको बारेमा बताइन्छ। डीजीसीएले सबै विमानन कंपनिहरुलाई सम्बन्धित नियमहरू पालना गर्न र सम्बन्धित सबै कर्मचारीहरूलाई सूचित गर्न निर्देशन दिएको छ।

**इथोपिया ज्वालामुखी राख**

इथियोपियामा भएको ज्वालामुखी विस्फोटबाट निस्केको धुवाँ र खरानीको मुस्लो गएराति उत्तर पश्चिमी भारतीय राज्यहरू राजस्थान, गुजरात, महाराष्ट्र, राष्ट्रिय राजधानी दिल्ली र पञ्जाबमा फैलिएको छ। यसले भिजिबिलिटी कम गरेको छ र हवाई यातायातमा अवरोध आएको छ। नागरिक उड्डयन महानिर्देशनालय (डीजीसीए) ले हिजो यस सम्बन्धमा एयरलाइन्स र एयरपोर्टहरूलाई दिशानिर्देश जारी गरेको छ। यसैबीच, अकासा एयर, इन्डिगो र केएलएम एयरलाइन्सले केही उडानहरू रद्द गरेका छन्।

**कबड्डी - भारत**

भारतीय महिला कबड्डी टीमले ढाकामा चीनी ताइपेलाई 35-28 ले पराजित गरेर लगातार दोस्रो पटक महिला कबड्डी विश्वकपको खिताब जीतेका छन्। भारतले  ग्रुप चरणका सबै चार म्याचहरुमा जीत हासिल गरेको छ। सेमीफाइनलमा  भारतीय टीमले  ईरानलाई  33-21 ले पराजित गरेको थियो। ग्रुप बी मा  शीर्षमा रहेको चीनको  टीमले  बांग्लादेशलाई पराजित गरेर फाइनलमा स्थान बनाएको थियो। प्रतियोगितामा  11 देशहरुको  टीमले  भाग लिएका थिए। प्रधानमंत्री नरेन्द्र मोदीले यस  जीतमा  भारतीय टीमलाई बधाई दिनुभएको छ। प्रधानमंत्रीले भन्नुभयो भारतीय महिला कबड्डी टीमको यो जीतले  युवाहरुलाई प्रेरित गर्नेछ।

****** ० ******